प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|
| १ मार्च २९-अप्रिल ४, चैत्र १६-२२ | | | | | | | |
| २ अप्रिल ५-११, चैत्र २३-२९ | | | | | | | |
| ३ अप्रिल १२-१८, चैत्र ३०-बैशाख ६ | | | | | | | |
| ४ अप्रिल १९-२५, बैशाख ७-१३ | | | | | | | |
| ५ अप्रिल २६-मे २, बैशाख १४-२० | | | | | | | |
| ६ मे ३-९, बैशाख २१-२७ | | | | | | | |
| ७ मे १०-१६, बैशाख २८-जेष्ठ ३ | | | | | | | |
| ८ मे १७-२३, जेष्ठ ४-१० | | | | | | | |
| ९ मे २४-३०, जेष्ठ ११-१७ | | | | | | | |
| १० मे ३१-जुन ६, जेष्ठ १८-२४ | | | | | | | |
| ११ जुन ७-१३, जेष्ठ २५-३१ | | | | | | | |
| १२ जुन १४-२०, जेष्ठ ३२-असार ६ | | | | | | | |
| १३ जुन २१-२७, असार ७-१३ | | | | | | | |

# उदेकिला येशु

# *The Wonder of Jesus*


लेखक:

ज्वाय आदमस्

अनुवादक

भजुराम श्रेष्ठ



स्थानीय प्रकाशक

नेपाल फिल्ड अभ् सेभेन्थ-डे एडभेन्टिस्ट

पो.बक्स ४३७३, काठमाण्डौ

<u>यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:</u>
१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
<u>सम्पादक:</u> क्लिफोर्ड गोल्डस्टाईन
<u>वेबसाईट</u> : goldsteinc@gc.adventist.org

<u>उप-सम्पादक:</u> सोराया होमियानी पारिश
<u>सह-सम्पादक</u>: बियर्ड ट्रेसा बियर्ड लारी एस. ग्रे, जिन ए. केलर
<u>प्रकाशक अधिकृत:</u> सोराया होमियानी पारिश
<u>नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्ने</u>: जितेन्द्र श्रेष्ठ
<u>ईन्टरनेट वेबसाईट</u> : **www.nepalworks.com/bhajupurna**



**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिष्ट चर्च, साबथ स्कुल विभाग**



प्रथम संस्करण : २०६४ (ई.सं. २००८)

पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान रन वाट्स, अध्यक्ष, दक्षिण एशिया डीभिजन

<u>प्रकाशन सहयोगी</u>
अमर पोते
<u>कम्प्यूटर लेआउट</u>
संदीप कुमार साह


**(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नु होला)**

अनुवादकको अनुरोधः पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुटिहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन्

## <u>सम्पर्क:</u>


| | | |
|---|---|---|
| पा. डेभिड कुमार तामसाङ्ग | | **sdevis@wlink.com.np** |
| पा. उमेश कुमार पोखरेल, | ☎ ६६३१२७१ | **umsan@wlink.com.np**, |
| पा. नसीव बस्नेत | ☎ ६६३१२८४ | **aacosan@mail.com.np** |
| एल्डर भजुराम श्रेष्ठ, | ☎ ५५२७८३० | **bhajupurna@wlink.com.np** |


## अस्थाई पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन - जुन २७, ई.सं असार १३ अर्थात् २०६५ पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तिथी तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शाबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | मार्च २९ - अप्रिल ४ '०८(चैत्र १६ -३२) |
| २ | अध्याय २ | अप्रिल ५ - ११ (चैत्र २३-२९) |
| ३ | अध्याय ३ | अप्रिल १२ - १८ (चैत्र ३० - बैशाख ६) |
| ४ | अध्याय ४ | अप्रिल १९ - २५ (बैशाख ७ -१३) |
| ५ | अध्याय ५ | अप्रिल २६ - मे २ (बैशाख १४-२०) |
| ६ | अध्याय ६ | मे ३ - ९ (बैशाख २१ - २७) |
| ७ | अध्याय ७ | मे १० - १६ (बैशाख २८ - जेष्ठ ३) |
| ८ | अध्याय ८ | मे १७ - २३ (जेष्ठ ४ - १०) |
| ९ | अध्याय ९ | मे २४ - ३० (जेष्ठ ११ - १७) |
| १० | अध्याय १० | मे ३१ - जुन ६ (जेष्ठ १८ - २४) |
| ११ | अध्याय ११ | जुन ७ -१३ (जेष्ठ २५ - ३१) |
| १२ | अध्याय १२ | जुन १४ - २० (जेष्ठ ३२ - असार ८) |
| १३ | अध्याय १३ | जुन २१ - २७ (असार ७ - १३) |

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | येशु को हुनुहुन्थ्यो | १ |
| २. | परमप्रभु परमेश्वर देहधारी येशु हुनुभयो | १३ |
| ३. | येशुको मानव चेलाको वास्तविकता | २५ |
| ४. | येशूका शिक्षादिक्षाहरूमा विशिष्ठ ज्ञान | ३७ |
| ५. | येशुका अद्भुत कामहरू | ४९ |
| ६. | येशुका चुनौतिपूर्ण अभिव्यक्तिहरू | ६१ |
| ७. | येशुका रहस्यमय आचरणहरू | ७३ |
| ८. | येशुको चालमा तीब्रता | ८५ |
| ९. | येशुको प्रेममा कोमलता र स्नेहशिलता | ९७ |
| १०. | येशुको मृत्युको अर्थ | १०९ |
| ११. | येशुको पुनरूत्थानमा शक्ति | १२१ |
| १२. | येशुको अचुक पुरोहितीय सेवाकार्यको फलोत्पादकता | १३३ |
| १३. | येशु जगत्का सम्राट र परम मित्रको रूपमा पुर्नआगमन | १४५ |


भूमिकाः

# चिरञ्जीवी प्रभुसित महान् आशा

हजारौं वर्षको इतिहासका पानाहरू धेरै चिरस्मरणीय व्यक्तित्वहरूको चर्चाले भरिएका छन्, तर सार्वजनिक जीवनमा नासरथका येशु, ती व्यक्तिहरूको जीवनचर्याहरू भन्दा सबैभन्दा छोटो जीवन थियो। उहाँ प्रत्यक्ष रूपमा केवल साढे तीन वर्ष मात्र जनसामु हुनुहुन्थ्यो।

तर ती साढे तीन वर्ष कति उल्लेखनीय थिए, त्यसको वर्णन गरेर पुस्तकहरू लेख्दा ती यो पृथ्वीमा पनि अट्‌दैनन् ।

ग्रीक वा युनानका सुप्रसिद्ध गुरु सोक्रेटसले ४० वर्ष, अर्को प्रख्यात दार्शनिक प्लेटो ५० वर्ष र आरिस्टोटलले ४० वर्ष सार्वाजनिक रूपमा मानिसहरूलाई शिक्षादीक्षा दिएर विश्व दर्शनशास्त्रमा नमेटिने नाउँ लेखाएर गए। तर येशु त? चार वर्षसम्म पनि उहाँ जनसामु हुनसक्नु भएको थिएन। यद्यपि त्यो छोटो अवधिमा येशुले जनमानसमा जुन छाप बसाल्नुभयो, त्यो तीन ग्रीकका महापुरुषहरूका १३० वर्षको संयोगलाई उछिन्नुभएको थियो ।

कसैले लेखेका थिए "राफेल, माइकलआन्जलो र लियोनार्दो डा भिन्चीका महान चित्रहरू, केवल येशुका प्रतिविम्व मात्र हुन्, जो संसारका ज्योति हुनुहुन्छ। विश्व विख्यात महान् संगीतज्ञ महापुरुषहरू, हेडन, हान्डल, बाख र मेन्दलशनले आफ्ना उत्कर्ष धुनहरूलाई येशुको महिमा गर्न स्वरसङगति वा सिम्फनी र सकिर्तन वा ओरेटोरियोद्वारा प्रस्तुत गरेका थिए। उहाँको शिक्षादीक्षाले विभिन्न चित्रकला, वास्तुकला, संस्कृति, सङ्गीत र दर्शनशास्त्रहरू सुशोभित भएको पाउँदछौं। तर कुनै पनि ती दर्शनशास्त्र, कला र सङ्गीत भन्दा पनि उच्चस्तरीय जीवनको अर्थ येशुले मानिसलाई दिनुभएको थियो। मानिसका कुनै पनि महान् उपलब्धिहरूले मानिसलाई उद्धार गर्न सक्दैनन् र शान्ति दिन सक्दैनन्। अधर्मी र निरर्थक संसारको

भुमरीमा घुमिरहेको पापी मानिसलाई प्रभु येशुले ज्योति, जीवन र मुक्ति प्रदान गर्नुहुन्छ।"

उपरोक्त कथनमा जतिसुकै वाक्पटुता (प्रभावशाली वचन) भए तापनि येशुको महान् सौन्दर्यपूर्ण प्रेमलाई कमै ब्याख्या गरेको पाउँदछौं। माथिका कथन केवल पाश्चात्य सभ्यताको सन्दर्भमा मात्रै भनिएको थियो; तर त्यसको विपरीत येशुको आकर्षणमा विश्वव्यापी झल्काउँछन् अनि राजनीतिक, संस्कृति, जातीयता र राष्ट्रियताको सीमा नाघेको पाउँछौं।

"बाइबलमा खोज्नुहोस्" एलेन जि ह्वाइट जोडदार आग्रह गर्छिन् "किनभने यसले येशुका बारेमा उल्लेख गरिएको छ। जब तपाईं बाइबल पढ्नुहुन्छ तब तपाईं येशुको अद्वितीय र अतुलनिय मनमोहकतामा मुग्ध हुनुहुनेछ। कलभरीका व्यक्तिको मोहमा तपाईं फस्नुहुनेछ, र संसारलाई हाँक दिएर हरेक कदममा तपाईं निश्चयपूर्वक ठोकुवा गरेर भन्नुहुनेछ, "उहाँका मार्गहरू अति रमणीय छन् र उहाँका पथहरू शान्ति र अमनचैनपूर्ण छन्। हरतरहमा तपाईंले संसारमा येशुको प्रतिनिधि भएर रहनुपर्दछ। विचलित भुमरीमा जाकिरहेको संसारलाई तपाईंमा अजम्मरी जीवन दिने आशा छ भनेर खुला रूपमा देखाउनुपर्दछ।" -लाईफ स्केट्चेस्, पृ. २९३ ।

प्रभु येशु केन्द्रविन्दु भएको कारण इसाई आस्था ऐतिहासिक पनि हो, जसको अर्थ ऐतिहासिक अध्ययन र विश्लेषणहरू त्यस व्यक्तिको वरिपरि परिक्रमा गरिरहेका हुन्छन् जसको जीवन र कार्यहरू अनुरूपमा (वा निरन्तर रूपमा) चलिरहेका हुन्छन्। यद्यपि, त्यसै बखत्, येशुलाई ऐतिहासिक परिधिभित्र परिमित गर्न सक्दैनौं। किनभने वास्तविक येशु पारलौकिक अर्थात् यस धर्तीका इतिहासभन्दा माथि हुनुहुन्छ-उहाँमा यस्ता गुणहरू छन् जसलाई विश्लेषणात्मक इतिहासले अनुसुन्धान गर्न सक्दैन। कुनै पनि इतिहासले मानव जातिलाई अत्यावश्यक मुक्तिको रहस्यमा प्रवेश गराउन सक्दैनन्, न त संसारको मुक्तिका लागि येशुले आहुती गर्नुभएको मृत्युका उदेकिला कार्यहरूका ब्याख्या गर्न सक्दछन्। इतिहासले जे सुकै दिन सके तापनि, यसले एलेन जि ह्वाइटको कथन "अजम्मरी जीवनका लागि महान् आशा" को गहन रहस्यको गहिराईमा पुऱ्याउन सक्दैनन्।

यस अध्ययनको केन्द्रविन्दु येशु हुनेछन्। उहाँ को हुनुहुन्छ, उहाँले के शिक्षादीक्षा दिनुभयो, उहाँले के गर्नुभयो र हाम्रा लागि के गरिरहनुभएको छ भन्ने विषयवस्तुमा ध्यानाकर्षण गर्नेछौं। त्यो अन्तिम वाक्य, "हाम्रा लागि के गरिरहनुभएको छ" ले संसारमा हाम्रो जीवनको औचित्यलाई अरू कुनै दर्शनभन्दा फरक मतमा प्रवेश गराउँछ। यसलाई हामीले वर्तमान कालको "रसिलो रहस्य" भन्न सक्दछौं किनभने यसले नै येशुका बारेमा निर्णायक तत्त्व संसारको कुनै पनि अरू भूत, वर्तमान र भविष्यका महापुरुषहरूभन्दा विशिष्टता (पृथक्) देखाउँछ किनभने हाम्रा लागि उहाँले भन्दा अरू कसले के गरिरहेको छ र?

त्यस्ता आश्चर्यमय येशु को हुनुहुन्छ? उहाँ कस्तो हुनुहुन्छ? यस संसारमा हुँदा उहाँले के गर्नुभयो? र साँच्ची नै उहाँले हाम्रा लागि के गरिरहनुभएको छ? अन्तमा, यस एक्काइसौं शताब्दीका मानिसहरूलाई उहाँसँग के सरोकार छ त?

यसका जवाफहरू कुनै पनि प्राज्ञिक तवरभन्दा पर छन् भनेर हेर्नेछौं। तर त्यसको विपरित्, तिनीहरूले संसारका सबै मानिस जातिहरूका भाग्यलाई प्रभावित पार्दछन्। (हाम्रो जीवनको सार्थकता नै उहाँसँगको अनुभूतिमा भर पर्दछ। १ युहन्ना ५:१२ भन्दछ, "जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न त्यससँग जीवन छैन।")

यस अध्ययनका लेखक करेवियन देशवासी न्वाय आदमस् हुनुहुन्छ। उहाँ सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका मुखपत्र अन्तर्राष्ट्रिय एडभेन्टिस्ट रिभ्युका उप-सम्पादक हुनुहुन्छ। उहाँकी अर्धाङ्गिनी सिलिया (नी विल्सन) हुनुहुन्छ, र उहाँहरूका ड्वेन र किम्वर्ली नाम गरेका दुई हुर्केका सन्तानहरू छन् ।